# करैयामाई गाँउपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## करैया, बारा


## स्थानीय राजपत्र

खण्डः ६ | संख्याः ५ | मितिः २०७९/१०/०५


भाग - १

# करैयामाई गाउँपालिका

## बालविवाह विरुद्ध कार्यक्रम संचालन खर्च कार्यविधि,२०७९

# करैयामाई गाउँपालिका

## बालविवाह विरुद्ध कार्यक्रम संचालन खर्च कार्यविधि,२०७९

<u>गाउँ सभाबाट पारित मिति: २०७९/०९/३०</u>

**<u>प्रस्तावना:</u>** देशमा रहेका बालविविह जस्ता कुप्रथाहरुको अन्त्य गर्ने कार्यक्रमहरु संचालन गर्ने खर्च सम्बन्धी कार्यविधि,२०७९ करैयामाई गाउँपालिकाले जारी गरेको छ ।

### <u>परिच्छेद १</u>

**१.संक्षिप्त नाम र प्रारम्भः**

(क) यो कार्यविधिको नाम "बालविवाह विरुद्ध कार्यक्रम संचालन खर्च कार्यविधि २०७९"रहेको छ ।

(ख) यो कार्यविधि करैयामाई गाउँपालिकाको कार्यपालिका बैठकबाट स्वीकृत भएको मितिबाट तुरुन्त लागू हुनेछ ।

**२.परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः**

(क)" प्रदेश र स्थानीय तहको बालअधिकार समिति" बालबालिका सम्बन्धी ऐन २०७५को दफा ६० बमोजिम गठन हुने समिति सम्झनुपर्दछ ।

(ख)"मन्त्रालय" भन्नाले महिला, बालबालिका तथ ज्येष्ठ नागरिक मन्त्रालय सम्झनुपर्दछ ।

(ग)"राष्ट्रिय बालअधिकार परिषद" भन्नाले बालबालिका सम्बन्धी ऐन २०७५को दफा ५९ बमोजिम गठन हुने परिषद सम्झनुपर्दछ ।

(घ)"बालकल्याण अधिकारी" भन्नाले बालबालिक सम्बन्धी ऐन २०७५ को दफा ६१ बमोजिम भएको वा तोकिएको व्यक्ति सम्झनुपर्दछ ।

(ङ)"बालविवाह" भन्नाले २० वर्ष उमेर नपुगी भएको विवाह सम्झनुपर्दछ ।

(च)"विभाग" भन्नाले महिला तथा बालबालिका विभाग सम्झनुपर्दछ ।

(छ)"स्थानीय तह" भन्नाले गाउँपालिका सम्झनुपर्दछ ।

### <u>परिच्छेद २</u>

**३. कार्यविधिको उद्देश्यः**

१. आवधिक र वार्षिक योजना तथा कार्यक्रमहरुमा बालविवाह विरुद्धका कार्यक्रमहरुलाई प्राथमिकताकासाथ समावेश गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्ने ।

२.बाल विवाह विरुद्धमा बालक, किशोर तथा पुरुषहरुको सहभागिता सुनिश्चत गर्ने
३.बाल विवाहलाई प्रोत्साहन गर्ने प्रचलित सामाजिक, साँस्कृतिक र परम्परागत मान्यतामा आधारित सोच तथ व्यवहार परिवर्तनका लागि बालबालिका, किशोरकिशोरी, अभिभावक, शिक्षक, धार्मिक, राजनैतिक तथ सामुदायिक अगुवा, संघ संगठन लगायत अन्य सम्बद्ध सरोकारवालाहरुको क्षमता विकास गरी परिचालन गर्ने ।
४.बालविवाह अन्त्यका लागि संचालित कार्यक्रमहरुको प्रभावकारी रुपमा अनुगमन तथा मूल्यांकन गर्ने।

## ४. कार्यक्रम संचालनः

१.बालअधिकार, लैङ्गिकता, यौनिकता, यौन तथा प्रजनन् स्वास्थ्य तथा अधिकारका साथै बालविवाहका विषयमा बालक, किशोर तथा पुरुषहरुको सचेतना अभिवृद्धि गर्ने कार्यक्रमहरु संचालन गर्ने ।
२. बालविवाह विरुद्ध सामाजिक अभियान संचालन गर्न बालक्लब र समुदायका बालबालिकाहरुको क्षमता अभिवृद्धि गर्न आवश्यक तालिमको व्यवस्था गर्ने ।
३. बालमैत्री पुर्वाधार तयार गरी सुरक्षित वातावरण समेतको उचित व्यवस्थापन गर्नका लागि शिक्षक, कर्मचारी तथा व्यवस्थापन समितिका पदाधिकारीहरुलाई आवश्यक तालिम प्रदान गर्ने ।
४. बालविवाह विरुद्ध सामुदायिक स्तरमा बालक्लब, युवाक्लब वा अन्य समूह निर्माण गर्ने वा भएका समुहमा बालिकाहरुका सहभागितालाई प्रोत्साहन गर्ने कार्यक्रमहरु संचालन गर्ने ।
५. सरकारी, गैरसरकारी र निजी संघसंस्थाहरुसँग समन्वय गरी बालविवाह विरुद्ध पारिवारिक सचेतना कार्यक्रम संचालन गर्ने
६. बालविवाह, लैङ्गिक विभेद र पितृसत्तात्मक सोच अन्त्य गर्ने कार्यमा बालक, किशोर तथा पुरुषहरुको सहभागिता गराउने सचेतना कार्यक्रमहरु संचालन गर्ने ।

# परिच्छेद ३

## ५.खर्च र लेखापरीक्षणः

बालविवाह तथा बालबालिकामाथि हुने हिंसाको व्यवस्थापनको लागि विभिन्न स्रोतबाट प्राप्त भएको रकम खर्चको प्रचलित कानुन बमोजिम आय व्यव विवरणको लेखा राख्नुपर्नेछ । कार्यक्रम खर्चको आन्तरिक लेखापरीक्षण र अन्तरिम लेखा परीक्षण गर्नुपर्नेछ । सोको प्रतिवेदन एक प्रति मन्त्रालयमा पठाउनुपर्नेछ।

## ६. प्रतिवेदन पेश गर्नुपर्नेः

बालविवाह तथा बालबालिका माथि हुने हिंसाका व्यवस्थापन सम्बन्धी गरेका कार्यक्रमहरुको प्रगती प्रतिवेदन मासिक, त्रैमासिक, अर्धवार्षिक र वार्षिक रुपमा तयार गरी स्थानीय तहले सम्बन्धित प्रदेशको

सामाजिक विकास मन्त्रालयमा र प्रदेश सरकार, सामाजिक विकास मन्त्रालयले अर्धवार्षिक र वार्षिक रुपमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयमा पठाउनुपर्ने ।

## ७. विविधः

बालविवाह तथ बालबालिकामाथि हुने हिंसा सम्बन्धी सचेतनामूलक कार्यक्रम संचालन गर्दा बालविवाह अन्त्यका लागि राष्ट्रिय रणनीतिलाई समेत आधार मान्नुपर्नेछ ।

**<u>प्रमाणित गर्ने</u>**

हस्ताक्षरः
नामः- शम्भु प्रसाद यादव
पदः- करैयामाई गाउँपालिका अध्यक्ष
प्रमाणित मितिः२०७९/०९/३०
प्रमाणित कानुन पाना(पेज) संख्याः ३(तिन)

**<u>आज्ञाले</u>**
वीरेन्द्र महतो
नि.प्रमुख प्रशासकीय अधिकृत